अङ्क १, पूर्णाङ्क १, २०८१ पुस, Jan 2025
ISSN : 3059-9636 (Print)
*Nepal Academy of Fine Art's Journal*
**LALITKALA PRAGYA**
**Vol. 01, No. 01, January, 2025, 39-49**

# मधेसको परम्परागत हस्तकलामा आधुनिकताको प्रभाव

**रामनारायण महतो**[१]
*ram.mahatoktm@gmail.com*

| | | |
|---|---|---|
| लेख प्राप्त मिति : 22 Dec 2023 | संरचनागत परीक्षण गर्ने विज्ञ : सहप्रा.डा. धनप्रसाद सुवेदी | संशोधित लेख प्राप्त मिति : 1 Mar 2024 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : डा. यामप्रसाद शर्मा | संशोधित लेख प्राप्त मिति : 1 Sep 2024 | लेख स्वीकृत मिति :28 Nov 2024 |

## लेखसार

*परम्परागत हस्तकला मानिसको दैनिक क्रियाकलाप, धार्मिक कार्य, विभिन्न संस्कार तथा माङ्गलिक पूजा पद्धतिका साथै सजावट सामग्री र मनोरञ्जनका लागि समेत युगौँदेखि प्रयोग हुँदै आएको छ । कतिपय माङ्गलिक तथा धार्मिक कार्य गर्दा हस्तकलाका सामग्रीहरू नभई नहुने परम्परागत मान्यता रहेको छ । यी हस्तकला निर्माणमा वर्तमान समयमा आधुनिकताले व्यापक प्रभाव पारेको छ । तीव्र जनसङ्ख्या वृद्धि, बेरोजगारी समस्या र विभिन्न कच्चा पदार्थको अभाव, युग सुहाउँदो उत्पादनमा कमी, बजार विस्तारको अज्ञानता, मनग्गे आम्दानी नहुनु, बजारमा प्लास्टिक तथा धातुजन्य सामग्रीको प्रचुरता, प्रतिस्पर्द्धाको अभाव, वैदेशिक रोजगारप्रतिको आकर्षणमा वृद्धि, संवर्द्धनका लागि कुनै पनि निकायबाट गरिनुपर्ने पहलको कमी तथा हस्तकलाका सौन्दर्यात्मक एवं माङ्गलिक अभीष्टलाई बनाइएका सामग्रीको अवमूल्यन आदिले गर्दा कलाप्रति अरुचि बढ्नुका साथै कतिपय कलाकर्मीहरू आफ्नो पेसाबाट पलायनसमेत भएका छन् । यस अध्ययनमा प्राथमिक स्रोतबाट सूचना सङ्कलन गर्न प्रश्नावली निर्माण, अन्तर्वार्ता, अवलोकन, टिपोट, फोटो सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका रूपमा पूर्वकार्यका रूपमा रहेका पुस्तक तथा लेखलाई आधार बनाइएको छ । मधेसी हस्तकलामा आधुनिकताको प्रभावले सकारात्मक र नकारात्मक दुवै असर पारेको कुरा यस शोधलेखमा देखाइएको छ । नकारात्मक प्रभावका रूपमा कच्चा पदार्थको अभाव, प्रतिस्पर्धाको कमी, हस्तकलाप्रति उदासीनतालाई लिन सकिन्छ भने सकारात्मक प्रभावका रूपमा प्रविधिको विकास, हस्तकलामा नयाँपन, नयाँ किसिमका सामग्रीहरूको उत्पादन र मागमा वृद्धि, बजार विस्तार, सञ्चार सुविधा आदिलाई लिन सकिन्छ ।*

**शब्दकुञ्जी** : सिक्की, पटेर, डाली, झाँप, मटकुडी ।

## परिचय

प्रस्तुत शोधलेख मधेसी परम्परागत हस्तकलासँग सम्बन्धित छ। यहाँ मधेसी भनेको मधेस मूलका मानिसहरू हुन् । यिनीहरू मुख्यतः नेपालको दक्षिणी भेग (पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुरसम्म) मा बसोवास गर्दछन् । उनीहरूका रङ्गरूप, पहिरन, खानपान, रीतिरिवाज, भाषा, परम्परा तथा सांस्कृतिक अभ्यास नेपालका अन्य मानिसका भन्दा फरक

१. कला अनुसन्धाता ।

छन् । 'मधेस' शब्द एक आफ्नै सांस्कृतिक पहिचान भएको नेपालको दक्षिणमा पर्ने समथल भूभाग हो । नेपालमा मधेस र तराईलाई पर्यायवाचीका रूपमा बुझ्ने गरिन्छ तर तराई र मधेसमा प्रस्ट भिन्नता छ । तराई एक समथल जमिन भएको भौगोलिक पहिचान मात्र हो भने मधेस भनेको एउटा विशेष संस्कृतिसहितको नेपालको दक्षिणी क्षेत्र हो । यहाँ बसोवास गर्ने मानिसहरू प्रमुख रूपमा मैथिली, भोजपुरी, थारू, अवधी, मगही, बज्जिकालगायतका भाषाहरू बोल्ने गर्छन् । सांस्कृतिक रूपमा यी भाषाभाषीहरूको बसोवास रहेको थलोलाई मधेस मान्दै आइएको छ । नेपालको संविधान २०७२ लागु भएदेखि राजनीतिक तथा प्रशासनिक रूपमा प्रयोग हुने 'मधेस' शब्दले नेपालको पूर्वी तथा केन्द्रीय तराई अर्थात् मधेस प्रदेशलाई बुझाउँछ । यसभित्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठओटा जिल्लाहरू पर्दछन् ।

प्रकृतिजन्य सङ्कलित पदार्थहरूबाट आफ्नो सौन्दर्यात्मक अभिव्यक्ति प्रकट गर्न हातबाट निर्माण गरिने आकृतिजन्य वस्तुलाई हस्तकला भनिन्छ । जस्तै बाँसको कम्चीबाट टोकरी निर्माण गर्नु, खरबाट डाली बनाउनु, माटाको भाँडाकुँडा बनाउनु आदि । युगौँदेखि हस्तकलाको सिप पुख्यौंली पेसाका रूपमा पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण भएको छ भने त्यस्तो कलालाई परम्परागत हस्तकला भनिन्छ । यो व्यावसायिक रूपमा जीविकोपार्जनसँग सम्बन्धित हुन्छ । जस्तो मधेसमा कुम्हार जातिका मानिसले माटाजन्य सामग्री बनाउनु, डोम जातिका मानिसले बाँसजन्य सामग्री बनाउनु आदि परम्परागत हस्तकलाका उदाहरण हुन् । मधेसी परम्परागत हस्तकलामा आधुनिकताको प्रभावको अध्ययन यस शोधलेखमा गरिएको छ ।

आधुनिकता भनेको मानवजातिलाई परम्पराबाट नवीनतातिर निर्देशित गर्ने पथ हो । यसमा लोकतन्त्र, स्वतन्त्रता, सांस्कृतिक परिवर्तन, प्रविधिको विकास जस्ता कुराहरू समेटिन्छन् । यस्ता कुराहरूले मानिसको दैनिक जीवनमा परिवर्तनको अनुभूति गराएको हुन्छ । आधुनिकताले कला, शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, यातायातलगायतका क्षेत्रहरूमा रहेका अप्ठ्याराहरूलाई न्यूनीकरणका लागि विभिन्न प्रविधिहरूको विकास गरेको छ ।

पूर्वी मधेसको भौगोलिक वातावरण, हावापानी, संस्कृति र माटोअनुरूप यहाँ अनेकौँ परम्परागत घरेलु हस्तकलाको विकास भएको छ, जसले सर्वसाधारण मानिसको दैनिक जीवनको आवश्यकतालाई सहज बनाएको छ । परम्परागत हस्तकलाले मानिसको दैनिक क्रियाकलाप, धार्मिक कार्य, विभिन्न संस्कार तथा माङ्गलिक पूजापद्धतिमा योगदान गर्नुका साथै यस्ता कलाकृतिहरू मनोरञ्जन र सजावटका लागि समेत प्रयोग हुने गर्दछन् । यसबाट कला सिर्जना गर्ने कलाकारहरूमा आत्मबल, आत्मसन्तुष्टि पाउनुका साथै आयआर्जनमा समेत मद्दत पुगेको छ । यसरी लोककला अर्थात् सबै जाति वर्गले अँगालेको र जाति विशेषले मात्र अँगालेको कला पुरानो पुस्ताबाट नयाँ पुस्तामा स्वस्फूर्त रूपमा हस्तान्तरण हुँदै वर्तमान आधुनिक युगसम्म आइपुगेको छ ।

मधेसी परम्परागत हस्तकलाहरू मूलतः वनस्पतिजन्य (पटेर, मोथी, पराल, जुट, खर आदि), कागज र वनस्पतिजन्य (झाँप, मुकुट, दुबोको माला आदि), कपडा र धागोजन्य (सृजनी कला), बाँसजन्य (टोकरी, कोनिया, ढकिया, नाङ्लो आदि), काष्ठजन्य (कुर्सी, पलङ, फोटो फ्रेम, आदि), माटोजन्य (कलश, ढकनी, घैँटो आदि) एवं ढुङ्गा र सिमेन्टजन्य (एलिवेस्टर, जाँतो, सिलौटो आदि) देखिन्छन् । परम्परागत रूपमा बन्ने गरेका यस्ता हस्तकलाको निर्माणमा आधुनिक प्रविधिको विकासले असर पारेको देखिन्छ । नयाँ प्रविधिको विकासले कतिपय पुराना हस्तकला सामग्री निर्माणको कला विस्थापित बन्न पुगेका छन् । त्यस्तै प्लास्टिक, धातु र काँचजन्य सामग्रीको प्रचुरताका कारण कतिपय हस्तकला निर्माण प्रक्रिया सीमित हुन पुगेको छ ।

यसरी हेर्दा आधुनिकताका कारण मधेसी परम्परागत हस्तकलामा सकारात्मक तथा नकारात्मक परिवर्तनहरू देखा परेका छन् । मधेसी परम्परागत हस्तकलाका क्षेत्रमा रहेका परम्परागत मान्यता र प्रविधिमा आधुनिकताको के कस्तो प्रभाव परेको छ, आधुनिक विकासले हस्तकला कार्यमा के कस्तो परिस्थितिको निर्माण हुन पुगेको छ, कलाकर्मी तथा मानवजीवनको दिनचर्यामा कस्तो प्रभाव पारेको छ भन्ने विषयको अध्ययन गर्ने काम यस लेखमा गरिएको छ ।

## समस्या कथन

मधेसको परम्परागत हस्तकलाले मानिसको दैनिक जीवन, माङ्गलिक कार्य र सौन्दर्यसँग परम्परादेखि सामीप्य राख्दै आएको पाइन्छ । परम्परागत रूपमा यस क्षेत्रमा अभ्यासमा रहेको हस्तकला संस्कृति संरक्षणका लागि मात्र अभ्यास हुँदै आएको देखिन्छ । आर्थिक लाभसँग नजोडिँदा परम्परागत हस्तकलाप्रति निराशा छाएको देखिन्छ भने हस्तकलाबाट जीविकोपार्जन गर्नेहरूलाई कच्चा पदार्थको अभाव रहने तथा मनग्गे आम्दानी नहुने भएकाले यस्तो कलासिर्जनाबाट कलाकारहरू विचलित भएका छन् । त्यसैले यससँग सम्बन्धित सिप र ज्ञानलाई अहिलेको बदलिँदो समयअनुसार समाजका युवा पिँढी र आममानिसले आफ्नो जीवनमा जोड्न आवश्यक रहेको छ । परम्परागत ज्ञान तथा सिपप्रति आधुनिकताको दुष्प्रभावलाई कम गर्न र यसको संरक्षण तथा संवर्द्धनका लागि युग सुहाउँदा उपायहरूको अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको छ । यो लेख मधेसी परम्परागत हस्तकलामा आधुनिकताले पारेको प्रभावको अध्ययनमा केन्द्रित छ । त्यसैले आधुनिकताको के कस्तो प्रभाव रहेको छ, त्यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने प्रश्नलाई अध्ययनको मुख्य विषय बनाइएको छ ।

## अध्ययन विधि

मधेसी परम्परागत हस्तकलामा आधुनिकताको प्रभावको अध्ययनका लागि सुनसरी जिल्लाको कोसी गाउँपालिकालाई नमुना क्षेत्रका रूपमा लिइएको छ । कोसी गाउँपालिका पश्चिममा कोसी नदी, दक्षिणमा भारतको विहार राज्य, पूर्वमा भोक्राहा नरसिंह गाउँपालिका र उत्तरमा वराहक्षेत्र नगरपालिकासँग जोडिएको छ । अध्ययनलाई प्रामाणिक बनाउनका लागि उक्त क्षेत्रभित्रका कलाकारहरूसँग अन्तर्वार्ता र छलफल गरिएको छ । प्राथमिक सूचना सङ्कलन गर्दा प्रश्नावली निर्माण, अवलोकन, स्रोत व्यक्तिसँग अन्तर्वार्ता गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्न जानुअघि परम्परागत हस्तकलाका विविध पक्षलाई समेटिने खालको खुला प्रश्नावली निर्माण गरी गुणात्मक सूचनामा जोड दिइएको छ । यसक्रममा उत्तरदाताको अडियो रेकर्ड र नोट लेखिएको छ । त्यस्तै हस्तकलाका सिप तथा ज्ञानलाई विस्तृत रूपमा जानकारी प्राप्त गर्न प्रत्यक्ष अवलोकन र त्यसको सघन विश्लेषण गर्न तस्बिर खिची अध्ययनको पुष्टि गरिएको छ । दुई जना सम्बन्धित विषयविज्ञहरूसँग अन्तर्वार्तामार्फत परम्परागत हस्तकलासम्बन्धी विस्तृत जानकारी तथा सूचना सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको पुष्टि गर्न द्वितीयक स्रोतको समेत उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी अन्वेषणात्मक तथा विश्लेषणात्मक विधिबाट सूचना केलाइएको छ ।

## पूर्वी मधेसको परम्परागत हस्तकला

पुख्र्यौली हस्तकला सिप पछिल्लो पुस्तामा स्वाभाविक किसिमले हस्तान्तरण हुँदै व्यावसायिक रूपमा निरन्तरता पाइरहेको कलालाई परम्परागत हस्तकला भनिन्छ । मधेसका केही जातिहरू जसले परम्परागत हस्तकला सिप अँगालेर आफ्नो जीविका चलाउने गर्दछन् तिनीहरूको बसोवास र कलाकर्म मधेस प्रदेशका आठओटा जिल्लाबाहेक पूर्वमा सुनसरी, मोरङ, झापालगायत पश्चिमका अन्य जिल्लाहरूमा पनि रहेको देखिन्छ । मधेसका प्रायः सबै स्थानीय तह

भित्र यी कलाकर्मीहरूको कर्म थलो देख्न सकिन्छ। मधेसमा परम्परागत हस्तकला पेसा अँगालेका केही जातिहरू छन्, जस्तै कुम्हार जातिको माटोजन्य हस्तकला, बरही जातिको काठजन्य हस्तकला, डोम जातिको बाँसजन्य हस्तकला, माली जातिको वनस्पतिजन्य हस्तकला आदि। लोक हस्तकलाका रूपमा खरजन्य पदार्थबाट डाली, मौनीको निर्माण गर्नु, सृजनी कलाकार्य गर्नु, माटाका चुलो, दियो, सामा-चकेवाका पात्र बनाएर पर्व मनाउनु आदि लोक हस्तकलाका अभ्यास विविध जातिका मानिसहरूबाट हुने गरेको पाइन्छ।

अध्ययनको नमुना क्षेत्रका रूपमा रहेको सुनसरी जिल्लाको कोसी गाउँपालिकामा परापूर्व कालदेखि लोक हस्तकलाका अभ्यासहरू हुँदै आएको पाइन्छ। यस क्षेत्रका मानिसहरूमा लोकहस्तकलाका विभिन्न सामग्री निर्माण तथा चित्रकलामा पनि विशेष रुचि रहेको पाइन्छ। "सामान्यतः लोककला भनेको लोक र कला दुईओटा शब्दको संयोजन हो। यसमा लोक भन्नाले जनसामान्य, सर्वसाधारण जनसमुदाय र कला भन्नाले उनीहरूले विभिन्न माध्यमबाट अभिव्यक्त भावना, कल्पना, स्मृति र विचारमूलक चित्तवृत्तिको सुन्दर, आकर्षक तथा मनोरम अभिव्यञ्जनात्मक सिर्जना हो" (रायमाझी, २०७०, पृ.१७)। यसरी हेर्दा विभिन्न माध्यमबाट व्यक्त सौन्दर्यात्मक अभिव्यक्तिको उपज कला हो जुन हातबाट निर्मित आकृतिजन्य र चित्रात्मक दुवै हुन सक्छ। यस्ता हस्तकलाका क्षेत्रहरू यस प्रकार रहेका छन् :

### वनस्पतिजन्य हस्तकला

प्राकृतिक विविधताले भरिपूर्ण कोसी गाउँपालिकामा विभिन्न किसिमका वनस्पतिहरू पाइन्छन्। यस्ता वनस्पतिहरूको उपयोग गरी मानिसले घरेलु हस्तकलाका जीवनोपयोगी कलात्मक सामग्रीहरू निर्माण गर्दछन्। यसबाट आत्मसन्तुष्टि मात्र होइन, माङ्गलिक कार्यमा सहयोग र आर्थिक उपार्जनसमेत हुने गरेको छ। यस्ता वनस्पतिहरूको विवरण यस प्रकार छ :

**खर (सिक्की, मुज र काँस) :**

मधेसी महिलाहरूले आफ्नो दैनिक काम सिध्याएर फुर्सदका समयमा खरबाट विभिन्न किसिमका कलात्मक हस्तकला सामग्रीहरूको निर्माण गर्ने गरेको पाइन्छ। पूजाआजा, विवाह, व्रतबन्ध, श्राद्धलगायतका माङ्गलिक कार्यमा यस्ता हस्तकलाजन्य सामग्रीको उपयोग हुने गर्दछ। यस्ता खरजन्य हस्तकला सामग्रीहरूको निर्माणमा प्रत्येक जाति तथा वर्गका महिलाहरूले उत्तिकै उत्सुकताका साथ सहभागी हुने गरेको पाइन्छ।

मैथिल महिलाहरू सदियौँदेखि सिक्की लोककलामा कुशल रहेको प्रमाण वैदिक कालदेखि नै भेटिन्छ। सिक्की एक किसिमको लामो घाँस हो। यसलाई चिरेर घरायसी प्रयोगमा आउने डाली, मौनी, पौँती, मुजेला, सखारी र टोकरीको निर्माण गरिन्छ। सिक्कीलाई रङ्गाएर विभिन्न आकृतिहरूको निर्माण गरिन्छ (राकेश, २०६७, पृ.८३)।

लोक हस्तकलाका रूपमा खरबाट बनाइने डाली, मौनी, मुजैला, पौँती, सखारी आदि हुन्छन्। सिक्की, मुज र काँस साउन र भदौ महिनामा खेतको आली, धार (खोला) मा, ऐलानी जग्गामा हुर्केर अग्लो भई फुल्ने गर्दछ। महिलाहरूले त्यसलाई सङ्कलन गरी ल्याएर मुज र सिक्कीलाई चिरेर सुकाई आवश्यक रङ लगाएर विभिन्न किसिमका कलात्मक बुट्टाहरू टोकनी वा टकुवारी भन्ने चुच्चो परेको औजारले बुन्ने गर्दछन्।

**पटेर, मोथी, पराल र खजुरको पात :**

पटेर र मोथी पानीमा तथा पानी भएको ठाउँको वरिपरि हुर्कने वनस्पति हो। स्थानीय बासिन्दाले सङ्कलन गरी ल्याइएका यस्ता वनस्पतिलाई घाममा सुकाएर कलात्मक चट्टाई (सुकुल) बनाउने गर्दछन्। धानको पराल र खजुरको

पत्ताबाट पनि कलात्मक चट्टाईहरूको निर्माण हुने गर्दछ। परालबाट सुन्दर चट्टाईहरू बनाइनुका साथै बस्नका लागि चकटी बनाउने गरिन्छ। चट्टाईको प्रयोग ओछ्यान लगाएर सुत्नका लागि तथा धान, गहुँलगायतका उब्जनी र बिस्कुन सुकाउनका लागि समेत प्रयोगमा ल्याउने गरिन्छ।

### जुट र कपास

जुट मधेस तराईको सबै ठाउँमा उब्जने वनस्पति हो। यसबाट कलात्मक हस्तकला सामग्रीको निर्माण गरिन्छ। जुटको डोरीले घर निर्माणलगायत बोरा, गलैँचा, कार्पेट, खटिया, मचिया (सानो आकारको टेबल), चट्टाई बुन्नुका साथै पशुलाई बाँध्नका लागि नाम्लो, नाथ (नाक छेदन गरेको डोरी), गल्दामी (घाँटीमा बाँधिने डोरी), रस्सा (सामानहरू कसेर बाँध्नका लागि प्रयोग हुने डोरी), सिक (घरभित्र कुनै सामानहरू झुन्ड्याएर राख्ने सामग्री), जाली आदिलगायतका घरेलु कलात्मक हस्तकला सामग्रीहरू बनाइने हुँदा किसान परिवारका लागि जुट महत्त्वपूर्ण मानिन्छ।

कपासलाई धागो उत्पादनको प्रमुख कच्चा पदार्थ मानिन्छ। यो नरम र न्यानोपन दिने वनस्पति भएकाले कपासबाट सिरक, डस्ना, सिरानी बनाइनुका साथै विभिन्न किसिमका खेलौनाहरू पनि तयार गरिन्छ। त्यस्तै कपासबाट दियो बाल्नका लागि सानो सानो बेरिएको बाती वा सलेदो बनाउने गरिन्छ।

### सृजनी हस्तकला

पुराना थोत्रा कपडामाथि गरिने कढाइ अर्थात् विभिन्न बुट्टाहरू बनाउने कला नै सृजनी हस्तकला हो। यस्तो हस्तकलामा साडी वा धोतीलाई चारैतिरबाट सिएर त्यसमाथि विभिन्न आकार-प्रकारका बुट्टाहरू भर्ने काम गरिन्छ। सुती तथा ऊनी धागोले कलात्मक बुट्टाहरू निर्माण गर्दा कपडाको आयु बढ्नुका साथै हेर्दा आकर्षक देखिन्छ। सृजनी कला बच्चाहरूको टोपी, सिरानी, तन्ना, पर्दा, ओढनी, रुमाल आदिमा सियो र धागोको सहायताले रङ्गीबिरङ्गी चित्राकृतिहरू उनेर बनाउने गरिन्छ। त्यस्तै बच्चाहरूको मनोरञ्जनका निम्ति पुरानो तथा नयाँ कपडालाई सिलाई गरी त्यसमा कपास, भुस, कागज, थोत्रा कपडा आदि भरेर विभिन्न जनावरहरूका आकृतिजन्य खेलौनाहरू तैयार गरिन्छ। यो काम निम्न तथा मध्यम वर्गीय परिवारमा युगौँदेखि चल्दै आएको रीति हो।

### कागज र वनस्पतिजन्य हस्तकला

बाँसको कम्ची, कागज, दुबो, कोढला आदिबाट झाँप, आकाशदीप, मण्डप, दुबोको मालालगायतका हस्तकला सामग्रीहरूको निर्माण गरिन्छ। झाँपको प्रयोग घरको कुलदेवता र ग्रामदेवताका लागि हुने गर्दछ। यस कार्यमा माली जातिका महिला र पुरुषहरूको विशेष सहभागिता रहन्छ। झाँप भन्नाले छोप्नु वा संरक्षण गर्नु भन्ने बुझिन्छ। झाँप बनाउनका लागि गोलाकार वा वर्गाकार फ्रेम बनाई वरिपरि सेतो कागजले टालेर त्यसमा सुगा, हात्ती, मयूर र घोडाका रङ्गिन चित्राकृति बनाउने गरिन्छ। यसमा प्रयोग हुने कोढला भन्ने वनस्पतिलाई शुद्ध र अनिवार्य मानिन्छ।

“झाँप निर्माणमा कोरिएका चित्रमध्ये हात्तीलाई समृद्धिको प्रतीक, घोडा गतिशीलताको प्रतीक, मयूर शुभ तथा सौन्दर्यको प्रतीक, सुगालाई गुरुको प्रतीक मानिन्छ। यसका अतिरिक्त यसमा फूलपातको पनि चित्रण गरिएको हुन्छ। कागजको सेतो पृष्ठभूमिमा रातो, पहेँलो, हरियो र निलो रङको प्रयोग गरिन्छ (सुमन, सन् २०२२, अक्टुबर ३)।” यसरी धार्मिक अनुष्ठानमा झाँप हस्तकलाको प्रयोग सदियौँदेखि मधेसमा कायम रहेको पाइन्छ।

विवाहमा बेहुलाका लागि कलात्मक मौर (मुकुट), पाग (पगडी), दुबोको माला बनाउने काम अनिवार्य रूपमा हुने गर्दछ। त्यस्तै कागज र बाँसको कम्चीबाट मरवा (मण्डप) निर्माण, तुलसी पूजामा आकाशमा दियो बाल्नका लागि आकाशदीपको निर्माण, मनोरञ्जनका लागि चङ्गा बनाउने गरिएको पाइन्छ।

**बाँसजन्य हस्तकला**

बाँसले यस क्षेत्रका मानिसको जीवनमा धार्मिक महत्त्व बोक्नुका साथै यो वनस्पति अन्तिम संस्कारसम्म अति आवश्यक रूपमा प्रयोग हुने गर्दछ। घर निर्माणका लागि यो सबभन्दा सस्तो र टिकाउ सामग्री भएकाले मधेसको ग्रामीण क्षेत्रका अधिकांश घरका छानाहरू बाँस र खरजन्य सामग्रीहरूबाट बनेको पाइन्छ। घर, डुङ्गा, टोकरी, किताब राख्ने च्याक, सिँढी, मचान, भकारी आदि बनाउन प्रयोग हुने भएकाले बाँस अत्यधिक रूपमा प्रयोग हुने सामग्री हो। “बाँसलाई मिथिलामा पवित्र बोट र उन्नतिको प्रतीक मानिन्छ। यसबाट अन्य हस्तकलाका सौन्दर्य प्रसाधनको निर्माण गरिन्छ” (राकेश, सन् २०१६, पृ. २०)।

राकेशको विचारअनुसार मधेसको ग्रामीण क्षेत्रमा घरेलु प्रयोजन, घर निर्माण, कृषि कार्य आदिमा बाँसको प्रयोग अत्यधिक रूपमा हुनुका साथै यसलाई पवित्र बोट मान्ने हुनाले विभिन्न संस्कार, माङ्गलिक कार्य र चाडपर्व आदिमा टोकरी, नाङ्लो, डोको, हाते पङ्खा, कोनिया, ढकिया, चालैनलगायत विवाहका लागि कलात्मक शृङ्गार सामग्रीको निर्माणका लागि यसको प्रयोग हुने गर्दछ। “बाँसबाट बनेका सजावट सामग्री एउटा घरलाई सिँगार्ने प्रमुख स्रोत बनेको छ। बाँसजन्य हस्तकलामा चाख राखी अवसरको खोजीमा रहेकालाई विभिन्न किसिमका सजावट सामग्रीको उत्पादनबाट रोजगारीको अवसर प्राप्त भएको छ” (कुमार, सन् २०११, नोभेम्बर २३)।

कलात्मक घर निर्माणका लागि बाँसबाट झ्याल, ढोका, मचानलगायतका विभिन्न सजावट सामग्री बनाउन सकिन्छ। प्रमुख पेसाका रूपमा बाँसजन्य हस्तकला अँगालेका डोम जातिका महिला र पुरूषले परम्परागत रूपमा बाँसजन्य हस्तकलाका सामग्रीहरू निर्माण गरी बेच्ने गर्दछन्।

**काष्ठजन्य हस्तकला**

मानव जीवनमा काष्ठजन्य हस्तकलाका सामग्रीहरूको इतिहास धेरै पुरानो रहेको छ। धातुको आविष्कार र यसबाट निर्मित सामग्रीहरू सहजै उपलब्ध हुन थालेपछि माटा र काठका भाँडाकुँडाहरू विस्थापित हुँदै गएका छन् तथापि अहिले पनि केही सजावटका कलात्मक घरेलु हस्तकलाका सामग्रीहरू प्रयोग भइरहेको देख्न सकिन्छ। काष्ठकलामा मधेसका बरही जातिलाई कुशल मानिन्छ यद्यपि अन्य जातिका मानिसहरूले पनि काष्ठकला सिकेर हस्तकला व्यवसाय चलाउँदै आएका छन्। काष्ठजन्य हस्तकला कृषिकार्य, दैनिक विश्रामका साधन, भान्सा प्रयोजन, सजावट, विभिन्न हातहतियारका बिँड, सङ्गीत र मनोरञ्जन सामग्री, घर निर्माण आदिका लागि प्रचलनमा रहिआएको पाइन्छ।

**माटोजन्य हस्तकला**

माटोबाट निर्मित हस्तकला सामग्रीहरूको इतिहास धेरै पुरानो रहेको छ। मानिसको दैनिक जीवनमा सबभन्दा पहिला प्रयोग हुने हस्तकलाका सामग्रीहरू नै माटाका भाँडाकुँडालाई मानिन्छ। यस कार्यमा कुम्हार जातिले सदियौँदेखि समाजमा योगदान गर्दै आएका छन्। प्रत्येक पूजाआजा, धार्मिक एवं माङ्गलिक कार्यमा माटाका भाँडाकुँडालाई अनिवार्य र शुद्ध मानिन्छ। त्यस्तै दैनिक प्रयोगमा आउने भाँडाकुँडाहरू जस्तै दही जमाउने मटकुडी, छाँछी, पूजाआजामा

प्रयोग हुने कलश, पानी राख्ने घैला, आगो ताप्ने बोरैस, घरको छाना हाल्ने खपडा, खुद्रा पैसा राख्ने खुत्रुके, गाँजा र सूर्तीजन्य पदार्थ सेवन गर्न प्रयोग हुने चिलिम र हुक्का, सजावट प्रयोजनका लागि पशु आकृति र खेलौनाहरू माटाबाट निर्माण भएका केही हस्तकलाका उदाहरणहरू हुन्। "मिथिलाको मृणशिल्पको विशेषता भनेको त्यसको शैलीगत आकार, आलङ्कारिक सतह सज्जा चहकिलो हुने गर्दछ। यहाँका कुमालेले परापूर्व कालदेखि माटाका भाँडाकुँडा, देवीदेवताका प्रतिमा तथा पशु आकृति बनाउँदै आएका छन्" (सुमन, सन् २०२३, सेप्टेम्बर २)।

कोसी गाउँपालिकाभित्र रहेका माटाजन्य हस्तकलाकर्मीले यसका लागि उपयुक्त चिम्ट्याइलो माटो खोजेर वा किनेर ल्याउने गर्दछन् भने भाँडाकुँडामा माटोकै रङ लगाउनका लागि पहेँलो चहकिलो माटो पनि फरक ठाउँबाट (सप्तरीको ठेलिया भेडियामा रहेको महुली खोलाको पाखाबाट) खनेर ल्याउँछन्। त्यस माटोलाई कुटेर धुलो बनाई राखिन्छ र त्यसपछि खोलामा जमेको पानी (मलिलो माटो भएको थलहा खोलाको पानी) ल्याई माटाको घोल बनाएर त्यसलाई रातभरि थिग्रिन दिइन्छ। बिहान थिग्रेको पानीले टालोको प्रयोग गरी काँचो भाँडोमा लेप लगाउने गरिन्छ जुन हेर्दा पहेँलो देखिए पनि पकाएपछि त्यो रगत जस्तो रातो र चहकिलो देखिन थाल्छ।

प्लास्टिकको प्रयोगले आज हाम्रो जीवनशैली बदलिएको छ। विचार गर्दा दैनिक व्यवहारमा आउने सबै ठाउँमा प्लास्टिकको प्रवेश भएको छ। यहाँसम्म कि देवताको मूर्ति पनि प्लास्टिकको बन्न थालेको छ तथापि चाडपर्वमा माटाका वर्तनको अनिवार्यले यस क्षेत्रका मानिसहरूले आफ्नो कलापरम्परालाई जीवित राख्न सकेका छन्। मनमोहक चाइनिज खेलौनाहरूका माझमा मेला तथा हाटबजारमा माटाको खेलौनाको आकर्षण आज पनि त्यत्तिकै छ (सुमन, सन् २०२३, सेप्टेम्बर २)।

भाइबहिनीको प्रतीक सामा चखेवा पर्वमा माटाका विभिन्न पात्रहरूको निर्माण महिलाहरू आफैले गर्ने गर्दछन्। त्यस्तै खाना पकाउनका लागि चुलो, खेतबारीमा उत्पादन भएका उब्जनीहरू राख्नका लागि माटाका कोठी, भकारी, माटाको दियो महिलाहरूले आफै निर्माण गर्दछन्। आधुनिकताको प्रभावले अहिले यी हस्तकलामा कमी आएको छ यद्यपि पवित्रतासँग जोडिएका माङ्गलिक कार्यका लागि माटोकै वर्तन आवश्यक हुनाले संरक्षणमा बल पुगेको छ।

## मधेसको परम्परागत हस्तकलामा आधुनिकताको प्रभाव

आधुनिक मानव जीवनको प्रणालीभित्र लोकतन्त्रको विकास र स्वतन्त्रताको अवसर पाउने भएकाले मानिसको खानपिन, पहिरन, रहनसहन, रीतिरिवाज, संस्कृति आदिमा परिवर्तन देखिएको छ। प्रविधिको व्यापक प्रयोगले मानिसको दैनिक जीवनका प्रत्येक क्षेत्रमा परिवर्तन आएको छ। फलतः मधेसको परम्परागत हस्तकला पनि यसबाट अछुतो बन्न सकेको छैन। आधुनिक जीवनशैलीले अँगालेको प्रविधिले लोकहस्तकला र परम्परागत हस्तकलामा ल्याएका परिवर्तनहरू सकारात्मक र नकारात्मक दुवै किसिमका छन्।

### सकारात्मक प्रभावहरू

आधुनिक जीवनशैलीका कारण मानिसका दैनिक क्रियाकलाप तथा सोचमा परिवर्तन आएको छ। यस स्थितिमा मधेसका केही धार्मिक तथा माङ्गलिक पूजापद्धतिले हस्तकलाका अभ्यासलाई संरक्षण प्रदान गरेको छ जसलाई सकारात्मक पक्ष मान्नुपर्छ। पूजापद्धति र केही पर्वहरूका लागि माटाको कलश, छाँछ, मटकुडी; छैठ पर्वमा बाँसका ढकिया, कोनिया; विवाहमा दुबोको माला; उपहारका लागि सौन्दर्य सामग्री डाली, मौनी आदिको अनिवार्यलाई

शुद्धतासँग जोडेर हेर्ने गरिन्छ। त्यस्तै केही हस्तकला निर्माणका लागि हप्तौँ लाग्ने समयलाई आधुनिक प्रविधिको विकासले निर्माण कार्यमा तीव्रता ल्याउनुका साथै उत्पादनमा वृद्धि भएको छ।

आधुनिकताले मधेसी लोकहस्तकलामा पारेको सकारात्मक प्रभावलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

### हस्तकलाप्रतिको मोहमा वृद्धि

तीव्र जनसङ्ख्या वृद्धिले निम्त्याएको बेरोजगारी समस्याले गर्दा मानिसले आर्थिक उपार्जन गर्ने कुरामा बढी ध्यान केन्द्रित गरेका छन्। रोजगारी खोज्ने र अध्ययनमा मात्र ध्यान केन्द्रित गर्ने समयमा पनि लोककलाका रूपमा रहेका खरजन्य हस्तकला निर्माण प्रक्रिया आत्मसन्तुष्टि र सौन्दर्यात्मक अभिव्यक्ति प्रस्तुत गर्ने मनसायले चलिरहेको छ। यस्ता हस्तकलाहरू सजावट र उपहारका रूपमा प्रयोग गरिने भएकाले र कतिपय हस्तकलालाई सौभाग्यसँग पनि जोडेर हेरिने भएकाले आधुनिकताले हस्तकलाप्रतिको मोहमा वृद्धि गरेको देखिन्छ।

आधुनिकताको प्रभावले माटाका वैकल्पिक वर्तनहरू सर्वत्र उपलब्ध र प्रयोग भएको देखिन्छ। यस अवस्थामा मधेसका चाडपर्व र माङ्गलिक कार्यले माटाजन्य हस्तकलालाई संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। प्रत्येक माङ्गलिक कार्यमा माटाका वर्तनलाई शुद्ध र अनिवार्य मानिने हुनाले यसको प्रयोग गरिँदै आएको छ। माटाको चुलो, दियो, कोठी (धान राख्न), सामा चकेवाका प्रतिमाहरू, भित्ताको उभार चित्र, भान्साका लागि इन्धनका रूपमा प्रयोग हुने गोबरको गोरहन्नी बनाउनु आदि लोक हस्तकलाप्रतिको मोहका कारण नै अस्तित्वमा रहेको छ। त्यस्तै झाँप, मरवा, दुवोको माला, मौर (मुकुट), आकाशदीप, टोकरी, ढकिया, कोनिया, नाङ्लोलगायतका घरेलु सामग्री दैनिक जीवनमा कृषिकार्य तथा माङ्गलिक कार्यका लागि अनिवार्य मानिएको हुनाले यसको निरन्तरता कायम रहेको छ।

कपडामा धागोले सृजनी कला गर्ने, खेलौनाहरू बनाउने काम महिलाहरूले समय निकालेर गर्ने गरेका छन् यसरी हस्तकलाप्रतिको मोह तथा अभिरुचिलाई उजागर गरेको छ जसलाई सकारात्मक प्रभाव मान्नुपर्दछ।

### प्रविधिको विकासले ल्याएको सहजता

आधुनिक प्रविधिको द्रुततर विकासले गर्दा मानिसको जीवनमा अनेकौँ लाभ पुऱ्याएको पाइन्छ। समयको बचत, डिजिटल प्रविधिको विकास, सामाजिक सञ्जाल र सञ्चार माध्यमबाट सूचनाको तुरुन्त आदानप्रदान, यातायात सुविधा, उत्पादनमा वृद्धि, यान्त्रिक प्रविधिहरूको विकासले हस्तकलाका क्षेत्रमा सरलता, सुलभता, सहजता, उत्पादनमा तीव्रता र सौन्दर्यमा वृद्धि थपिदिएको छ। यसले गर्दा हस्तकलाको मागमा वृद्धि भएको छ र यसको बजार विस्तार हुन पुगेको छ।

प्रविधिको विकासले बाँस काट्न इलेक्ट्रिक कटर, काठलाई काट्न र त्यसलाई चाहेको स्वरूपमा ढाल्न विभिन्न किसिमका विद्युतीय यन्त्रहरू, माटाका भाँडाकुँडा निर्माण गर्न विद्युतीय चक्रको प्रयोग, माटो तयार गर्न विद्युतीय यन्त्रको प्रयोग, काँचा भाँडाकुँडालाई सुकाउन विद्युतीय तापयन्त्र, काठमा विभिन्न किसिमका चित्राकृति निर्माण गर्न अनेकौँ साना औजारहरूको निर्माण, सिलाइबुनाइका विद्युतीय यन्त्रहरूको प्रयोगले हस्तकलाका क्षेत्रमा सकारात्मक प्रभाव पार्न सफल भएको देखिन्छ।

## हस्तकलाको मागमा वृद्धि

अहिले विभिन्न किसिमका प्रविधि र उपकरणका प्रयोगले हस्तकलाको मागमा वृद्धि भएको छ। यातायात सुविधा, सामाजिक सञ्जाल र सञ्चार माध्यमको सहजताले विभिन्न किसिमका हस्तकला सामग्रीहरू चाहेकै बेलामा तुरुन्त उपलब्ध गराइनुले मागमा वृद्धि भएको मान्नुपर्छ। त्यस्तै आधुनिक प्रविधिको विकासले अत्यधिक मात्रामा काठको विकल्पका रूपमा प्लाइउड, हार्डबोर्ड प्रयोग गरिन थालिएको छ र यसबाट हुने सुन्दर हस्तकलाका निर्माणले गर्दा न्यून आय भएकाले पनि सस्तोमा खरिद गर्ने अवसर पाएको देखिन्छ।

## नकारात्मक प्रभाव

आधुनिकताले लोकहस्तकलामा सकारात्मकभन्दा बढी नकारात्मक प्रभाव पारेको देख्न सकिन्छ। बजारमा प्लास्टिकबाट बनेका चट्टाई सस्तोमा पाउने हुनाले पटेर, पराल र खजुरको पत्ताबाट बनेका चट्टाईले बजारमा प्रतिस्पर्धाको सामना गर्नुपरेको छ। खरजन्य पदार्थबाट तैयार गरिने डाली, मौनी, सखारीलगायतका लोक हस्तकलाबाट कुनै विशेष आर्थिक लाभ नहुँदा हाल यस कार्यप्रति अरुचि बढ्दै गएको पाइन्छ। सृजनी हस्तकलाप्रतिको रुचि पनि घट्दै गएको पाइन्छ तथापि कलात्मक अभिरुचिलाई पूरा गर्न यस क्षेत्रमा सीमित महिलाहरूको मात्र आकर्षण देखिन्छ। काठका सामग्रीहरू धातु र प्लास्टिकबाट निर्मित सामग्रीभन्दा कम टिकाउ र बढी लागतका कारण महँगो पर्ने हुँदा प्रतिस्पर्द्धाको सामना गर्नुपरेको छ। त्यस्तै आधुनिक प्रविधिहरूको विकाससँगै दशकौँ अगाडिदेखि प्रचलनमा रहेका काठका विभिन्न सामग्रीहरू प्रयोगविहीन हुन पुगेका छन्। तेल पेल्न, धान कुट्न, पिँध्न, बत्ती बाल्न, ढुवानी गर्न, नदी तर्न प्रयोग गरिने वस्तुहरू विस्थापित भई आधुनिक मिल, बिजुली, यातायात, पुल आदिको विकास भएको छ। आधुनिकताका कारण परम्परागत हस्तकलामा देखिएको नकारात्मक प्रभावलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

## परम्परागत र लोकहस्तकलाप्रति उदासीनता

तीव्र जनसङ्ख्या वृद्धिसँगै समाजमा बढेको बेरोजगारी समस्याले गर्दा परम्परागत पेसामा मात्र निर्भर रहेर गुजारा गर्न अप्ठ्यारो परेको अवस्थामा सरकारी तवरबाट कुनै प्रयास नहुँदा आफ्नो पेसाबाट पलायन हुनेको सङ्ख्या दिनानुदिन बढ्दै गएको देखिन्छ। यसले गर्दा लोक हस्तकला र परम्परागत हस्तकलामा प्रत्यक्ष प्रभाव परेको पाइन्छ।

सौन्दर्यात्मक भावनाबाट प्रेरित भई कतिपय वनस्पतिजन्य हस्तकला सिर्जना गर्दा त्यस्तो कला सामग्री उपहारका लागि मात्र सीमित रहनु वा न्यून मूल्य पाउनुले यस कलाप्रति उदासीनता बढ्दै गएको छ। त्यस्तै माटाजन्य हस्तकलामा लगानी बढी र लाभ कम हुँदा यस कलामा पनि उदासीनता देखिन थालेको छ। काठको हस्तकला सामग्री बनाउन समय बढी लाग्ने र काठ बढी खेर जाने, पुरानो हुँदै गएपछि उक्किने, कुहिने र महँगो पनि हुने भएकाले यसको वैकल्पिक सामग्री बजारमा सस्तोमा उपलब्ध हुन थालेपछि काठबाट बनेका धेरैजसो हस्तकलाका सामग्रीहरू बनाउन छाडिएको छ। यसले गर्दा मधेसी लोकहस्तकलाको संरक्षण र प्रवर्द्धन गर्नमा कठिनाइ भएको देखिन्छ।

## संस्कृतिमा पारेको प्रभाव

कलाले संस्कृतिको संरक्षण गर्दछ तर आधुनिक परिवेशमा देखिने सांस्कृतिक सम्मिलन तथा अन्य समुदायसँगको घुलमेल आदिका कारण मधेसी समुदायमा अन्य समुदायको प्रभाव परेको देखिन्छ। वैवाहिक कार्यमा अहिले परम्परागत मौर (मुकुट) धारण गर्न हिचकिचाउनु र ढाका टोपी लगाउनु, दुबोको मालाको सट्टामा कृत्रिम माला प्रयोग गर्नु, विभिन्न

माङ्गलिक कार्यमा लोककलाका रूपमा रहेको डाली, मौनी, माटाका भाँडाकुँडाको ठाउँमा धातुका भाँडाकुँडा प्रयोग गर्नु, आफ्नो पहिरनको साटो सुट र पेन्टमा सजिनु, विवाहको मण्डप सजाउन रेडिमेड सामग्री किनेर ल्याउनु, देउताघरको लागि झ्याँप अनिवार्य नमान्नुलाई हस्तकलामा नकारात्मक प्रभाव परेको मान्नुपर्छ ।

**प्रतिस्पर्धाको अभाव**

मधेसी परम्परागत हस्तकलाले बजारका अन्य वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ। अचेल स्टिल, आलमुनियम, प्लास्टिक, काँस र काँचका विभिन्न किसिमका सामानहरू कारखानाबाट उत्पादन भई बजारमा सस्तोमा पाउन थालेपछि काठ, माटा, बाँसबाट निर्मित हस्तकला सामग्रीहरूको प्रचलन कम हुँदै गएको छ। माग नै कम हुन थालेकाले उत्पादन कम भएको र उत्पादनको कमीका कारण कलाकारहरू मनग्गे आम्दानीबाट वञ्चित हुँदा पेसाबाट पलायन भएको देखिएको छ। उचित बजारको अभाव र युग सुहाउँदो प्रविधिको प्रयोग तथा बजार र उपभोक्ताको मागको ज्ञान नभएका कारण परम्परागत हस्तकला धरापमा परेको देखिन्छ ।

**परम्परागत पेसाबाट पलायन**

परम्परागत हस्तकला बनाउने कलाकारहरू बजार तथा उपभोक्ताको मागअनुरूप युग सुहाउँदो उत्पादनको उपायमा नलागी अन्य पेसा अँगाल्न थालेका छन् । हजारौँ युवाहरू अहिले खाडी मुलुकतिर वैदेशिक रोजगारका निम्ति पलायन भएका छन् । परम्परागत पेसामा हुन सक्ने विशाल सम्भावनाका बारेमा न कसैले चिन्तन गरेका छन् न त कुनै सरोकारवाला वा सरकारले नै यस सम्बन्धमा कुनै चासो राखेको देखिन्छ। परम्परागत हस्तकला अँगालेका कलाकारहरूलाई प्रशिक्षण दिई हस्तकलाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारका सम्भावनाको खोजी गर्नेतिर सबै पक्ष उदासीन देखिन्छन् । त्यसैले आधुनिकताको भुमरीमा वैकल्पिक ज्ञानको कमी हुनाले मधेस क्षेत्रको लोक-परम्परागत हस्तकला कमजोर बन्दै गएको देखिन्छ ।

**संरक्षणको अभाव**

मधेसी परम्परागत हस्तकलाको सौन्दर्यात्मक पक्ष, सामाजिक महत्त्व, कलात्मक मूल्य, धार्मिक, सांस्कृतिक एवं मनोवैज्ञानिक महत्त्वका बारेमा चिन्तन मनन र प्रचार-प्रसारको अभाव रहेको छ। त्यस्तै बजारको माग, सम्भावनाको खोजी, अध्ययन र अनुगमनको प्रयासमा पनि कमी देखिन्छ। त्यसैले आधुनिकताको चपेटामा कमजोर बन्दै गएको मधेसी परम्परागत हस्तकलाको क्षेत्र संरक्षणका अभावमा बाँचिरहेको छ। जिम्मेवार निकायबाट यसको संरक्षण, प्रवर्द्धन र विकासको प्रयास आवश्यक छ ।

कला सिर्जनाका लागि कच्चा पदार्थको अभाव, आधुनिक शिक्षाप्रतिको लगाव, परम्परागत ज्ञान तथा चेतनाको कमी, बजारमा प्लास्टिक तथा धातुजन्य सामग्रीको प्रचुरता, वैदेशिक रोजगारप्रतिको आकर्षण, परम्परागत पेसाबाट पलायन, बजारको मागबमोजिम समयअनुसार परिमार्जनसहितको उत्पादन गर्न नसक्नु, सरकारी स्तरबाट परम्परागत पेसामा लागेकाहरूको जीवनस्तर उकास्न कुनै किसिमको तालिमको व्यवस्था नहुनु, कतिपय हस्तकलाहरू मनोरञ्जन र उपहार आदिमा मात्र सीमित रहँदा यसबाट पाउने प्रतिफलबाट कलाकारहरू विमुख रहनु आदि जस्ता कमजोरीहरू मधेसी परम्परागत हस्तकला क्षेत्रमा देखिएका छन् ।

## निष्कर्ष

मधेसमा केही जातिका मानिसहरूले पुस्तौँदेखि आफ्ना अग्रजहरूबाट सिकेका परम्परागत हस्तकला सिपलाई पेसाका रूपमा अँगाल्दै आएका छन् । यही पेसागत हस्तकला सिप नै परम्परागत हस्तकला हो, जसको माध्यमबाट उनीहरूको जीविका चल्ने गर्दछ भने समाजमा योगदान पनि हुने गर्दछ ।

मधेसी परम्परागत हस्तकलामा आधुनिकताको सकारात्मक पक्षभन्दा नकारात्मक पक्षको प्रभाव बढी देखिन्छ। आधुनिकतासँगै तीव्र जनसङ्ख्या वृद्धि, अभाव, महँगी, बेरोजगारी आदिका कारण मानिसहरूको ध्यान आर्थिक उपार्जन गर्नेतिर केन्द्रित भएको छ। सांस्कृतिक र सौन्दर्यात्मक अभीष्ट पूरा गर्न तयार गरिने हस्तकला सामग्रीबाट कुनै आर्थिक लाभ नहुँदा वा एकदमै न्यून लाभ हुनाले पनि यस्तो हस्तकलाप्रति विकर्षण बढेको छ। यसले गर्दा पेसाबाट पलायन हुनु, आधुनिक प्रविधिले भित्र्याएको सस्तो सामग्रीसँग प्रतिस्पर्द्धा गर्न नसक्नु, कच्चा पदार्थको अभाव देखिनु, वैदेशिक रोजगारप्रति बढ्दो आकर्षण आदिका कारण मधेसी हस्तकलामा उदासीनता छाएको पाइन्छ।

मधेसमा प्रायः महिलाहरूले आफ्नो आन्तरिक सौन्दर्यात्मक भावनालाई उजागर गर्नका लागि डाली, मौनी, सखारी, मुजेला बुन्नुका साथै रङ्गिन कलात्मक अभिव्यक्ति प्रदर्शित गर्दछन्। यस्तो लोकहस्तकलाले उचित मूल्य नपाएका कारण यसप्रतिको लगाव कम हुँदै गएको छ।

आधुनिकताको नकारात्मक प्रभावबाट मुक्त गर्नका लागि लोकहस्तकलाले बोकेको सौन्दर्यात्मक, माङ्गलिक र सांस्कृतिक महत्त्वबारे जनचेतना फैलाउनुपर्छ। बजारको अध्ययन गर्दै उपभोक्ताको चाहना र माग अनुकूल हस्तकला सामग्रीको उत्पादन गर्नका लागि सकेजति प्रविधिको प्रयोग गर्नुपर्छ। नयाँ हस्तकला सामग्रीको उत्पादनले बजार विस्तार र राष्ट्रिय आयमा समेत वृद्धि हुन सक्ने सम्भावना छ। यसबाट मधेसी लोकहस्तकलाको संरक्षण र प्रवर्द्धनमा पनि टेवा पुग्ने छ। विभिन्न माङ्गलिक कार्यका लागि अनिवार्य मानिने हस्तकला सामग्रीबाहेक माटाको चिया कप, पेन होल्डर, सिन्दूर दानी, पानी फिल्टर जस्ता दैनिक जीवनमा प्रयोग हुने सामग्रीका साथै अन्य आवश्यक आकर्षक सामग्रीको निर्माणमा जोड दिनुपर्छ। यसका लागि सम्बन्धित कलाकारलाई प्रशिक्षण दिनु जरुरी देखिन्छ। माङ्गलिक कार्यमा मात्र सीमित नरही व्यावसायिक सोचबाट हस्तकलाको विकास गर्नु आवश्यक छ।

## प्रयोग गरिएका सामग्रीहरू

कुमार, नरेन्द्र (सन् २०११). बाँस शिल्प : गल्ले भरती रचनात्मकता करिअर, *दैनिक ट्रिब्युन*. नोभेम्बर २३। dainiktribuneonline.com, २०८० माघ ३ गते हेरिएको।

राकेश, रामदयाल (२०६७). *मिथिलाञ्चल लोकसंस्कृति* . काठमाडौँ : एकता बुक्स थापाथली।

राकेश, रामदयाल (सन् २०१६). *Mithila Folk Art*. Kathmandu: Nepal Academy of Fine Arts।

रायमाझी, जीतबहादुर (२०७०). *तराई नेपालका लोककला.* काठमाडौँ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

सुमन, एससी (सन् २०२२). *संरक्षणको प्रतीक झाँप (लिखिया)* . artistscsuman.blogspot.com, Oct-3 2022, २०८० माघ ३ गते हेरिएको।

सुमन, एससी (सन् २०२३). मृणशिल्प, माटो र सिरहा. artistscsuman.blogspot.com, Sep.-2 2023, २०८० पुस २३ गते हेरिएको।